# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग

## थापाथलीको

## रुपैयाँ १० दरको नोट चलनचल्तीमा ल्याउने बारेको

## सूचना

यस बैंकले रुपैयाँ १० दरको साविककै आकार तथा साविकै आधार रंग (Base Colour) मा तर साविकको तीन वटा कृष्णसारहरुको चित्रको सट्टामा एउटा कृष्णसारको चित्र रहेको, सङ्केत नं. ठ/४१ ००००0१ देखि ढ/१०० ९९९९९९ सम्म, "नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैयाँ १० रुपैयाँ दश तुरुन्त पाइने छ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश सहित देहाय बमोजिमका विशेषताहरू भएको नोट यही २०७४ साल भदौ महिना २७ गते देखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**<u>नोटको अग्र भागमा</u> :-**

१. नोटको बायाँतर्फ सगरमाथाको चित्र रहेको।

२. नोटको मध्य भागको पृष्ठभूमिमा गरुड नारायणको चित्र रहेको।

३. नोटको दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको।

४. नोटको तल्लो भागमा गभर्नर डा. चिरंजीबि नेपालको दस्तखत रहेको।

५. नोटको तल्लो भागको बायाँ र दायाँ पट्टी सङ्केत नम्बर रहेको।

६. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा वि.सं. २०७३ लेखिएको।

**<u>नोटको पृष्ठ भागमा</u> :-**

१. नोटको माथिल्लो बीच भागमा अंग्रेजीमा NEPAL RASTRA BANK लेखिएको।

२. नोटको मध्य भागमा एउटा कृष्णसारको चित्र रहेको।

३. नोटको मध्य भागको पृष्ठभूमि फिक्का हरियो रंग रहेको।

४. नोटको तल्लो भागमा अंग्रेजीमा RUPEES TEN लेखिएको।

५. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अंग्रेजीमा 2017 A.D. लेखिएको।